टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
कार्यालय कोड नं. ८०१०७७७०५

## भ्रमण प्रतिवेदन

**भ्रमण आदेश नं.** **१४६, १४७ र १४८**

**भ्रमण टोली प्रमुख:** **नन्द बहादुर के.सि. (अधिकृत छैठौं)**

**भ्रमण अवधि :** **मिति २०८२।०८।२८ गते देखि २०८२।०९।०५ गते सम्म**

भ्रमणको उद्देश्य :

**करदाता सेवा कार्यालय लम्की कैलालीमा एकिकृत कर प्रणाली सम्बन्धी अभिमुखिकरण तालिममा सहभागि हुन ।**

सम्पादित मुख्य मुख्य काम

* करदाता सेवा कार्यालयले आयोजना गरेको एकिकृत कर प्रणाली सम्बन्धी अभिमुखिकरण तालिममा ७ दिन सम्म सहभागी भएको ।
* www.ird.gov.np को पोर्टल चलाउन सिकेको ।

सिकाइ तथा उपलब्धि

* व्यक्तिगत स्थायी लेखा नम्बर (PAN CARD) जारी गर्न,
* व्यवसायिक स्थायी लेखा नम्बर रुजु गर्न, जारी गर्न, शंशोधन गर्न र प्रिन्ट गर्न,
* स्थायी लेखा नम्बरमा बायोमेट्रिक गरी फोटो, हस्ताक्षर तथा अन्य कागजात अपलोड गर्न ।

सारांश तथा सुझावहरू

**भ्रमण पुष्टि गर्ने संलग्न कागजातको विवरण**

१ भ्रमण आदेश
२ सो सम्बन्धी कागजातहरु

**भ्रमणमा जाने कर्मचारीहरुको नाम**

अधिकृत छैठौं नन्द बहादुर के.सि.
सहायक पाँचौ विन्द्रा उपाध्याय
एम.आई.एस.अपरेटर रामा चौधरी

# विस्तृत भ्रमण प्रतिवेदन

## पृष्ठभूमि

करदाता सेवा कार्यालय नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गतको आन्तरिक राजस्व विभाग (Inland Revenue Department – IRD) को मातहतमा स्थापना गरिएको कार्यालय हो। यस कार्यालयको स्थापना कर प्रशासनलाई सरल, पारदर्शी, प्रभावकारी र करदातामैत्री बनाउने उद्देश्यले गरिएको हो। कर प्रणाली सुधार तथा करदातालाई एकै स्थानबाट सेवा प्रदान गर्ने अवधारणाका साथ करदाता सेवा कार्यालयहरू स्थापना गरिएका हुन्। यसले परम्परागत कर संकलन प्रणालीलाई आधुनिकीकरण गर्दै एकीकृत कर प्रशासन प्रणाली लागू गर्न सहयोग पुऱ्याएको छ। सूचना प्रविधिको प्रयोगमार्फत कर दर्ता, विवरण पेश, कर भुक्तानी र परामर्श सेवाहरू सहज बनाउने लक्ष्य लिइएको छ। समग्रमा, करदाता सेवा कार्यालयले करदाता र कर प्रशासनबीचको सेतुको रूपमा काम गर्दै सुशासन, वित्तीय अनुशासन र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२।०७।१७ गतेको निर्णयानुसार करदाता सेवा कार्यालय, लम्की खारेज भएको तथा उक्त करदाता सेवा कार्यालयबाट सम्पादन हुने कार्यहरु स्थानीय तहबाट सम्पादन गर्न स्थानीय तहका कर्मचारीहरुलाई प्रशिक्षण गरी क्षमता विकास गराउनुपर्ने र कार्य हस्तान्तरण समेत हुने भएकाले करदाता सेवा कार्यालय लम्कीबाट मिति २०८२।०८।२८ गतेदेखि सञ्चालन भएको एकीकृत कर प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रममा एक जना अधिकृत स्तरको कर्मचारी श्री नन्द वहादुर के.सि. र २ जना सहायक स्तरको कर्मचारी श्री विन्द्रा उपाध्याय र श्री रामा चौधरी गरी जम्मा ३ जना कर्मचारीहरु सहभागी भएका थिए ।

## भ्रमणको उद्देश्य

मिति २०८२।०८।२८ गते देखि २०८२।०९।०५ गतेसम्म लम्की स्थित करदाता सेवा कार्यालयमा एकिकृत कर प्रणाली सम्बन्धी अभिमुखीकरण प्रशिक्षण कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

- एकिकृत कर प्रणाली सम्बन्धी अभिमुखीकरण प्रशिक्षणमा सहभागी हुने,
- करदाता सेवा कार्यालय लम्कीबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी लिने,
- करदातालाई सहज, छिटो र गुणस्तरीय सेवा उपलब्ध गराउने,

- करदाताको स्वेच्छिक कर अनुपालन बढाउने,
- आयकर, मूल्य अभिवृद्धि कर (VAT) लगायत आन्तरिक राजस्वको प्रभावकारी व्यवस्थापन गर्ने,
- कर चुहावट न्यूनीकरण गर्दै सरकारी राजस्व अभिवृद्धि गर्ने,

सम्पादित कार्यहरु

सम्पादित मुख्य मुख्य क्रियाकलापहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- सेवाका प्रकारहरुको बारेमा जानकारी तथा सेवा प्रवाह सम्बन्धी जानकारी भएको,
- स्थायी लेखा नम्बर (PAN) र VAT दर्ता गर्ने,
- आयकर तथा VAT विवरण (Return) पेश गराउने,
- कर भुक्तानी, प्रमाणपत्र तथा करसम्बन्धी परामर्श सेवा,
- आन्तरिक राजश्व विभागको वेवसाइट www.ird.gov.np बाट व्यक्तिगत तथा अफिसर पोर्टलको बारेमा जानकारी भएको,
- स्थानीय तहबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी भएको ।

सिकाइ उपलब्धी

मिति २०८२।०८।२८ गते देखि २०८२।०९।०५ गतेसम्म एकिकृत कर प्रणाली सम्बन्धी अभिमुखीकरण प्रशिक्षणको क्रममा भएका सिकाई उपलब्धीहरु निम्नानुसार उल्लेख गरिएको छन् :

- व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान कार्ड) जारी गर्न सिकियो,
- व्यवसायिक स्थायी लेखा नम्बर रुजु गर्न, जारी गर्न, शंशोधन गर्न तथा प्रिन्ट गर्न सिकियो,
- स्थायी लेखा नम्बरमा बायोमेट्रिक गरी फोटो, हस्ताक्षर तथा कागजात अपलोड गर्न सिकियो,

- एकीकृत कर प्रणालीको अवधारणा, उद्देश्य र महत्वबारे स्पष्ट बुझाइ,
- आयकर, मूल्य अभिवृद्धि कर (VAT), भन्सार तथा अन्य करहरूबीचको अन्तरसम्बन्धको ज्ञान,
- कर प्रशासनलाई सरल, पारदर्शी र प्रभावकारी बनाउने प्रक्रियाको जानकारी,
- करदाताको दायित्व, अधिकार र कर अनुपालनको महत्वबारे चेतना,
- अनलाइन कर दर्ता, विवरण पेश गर्ने (return filing) र भुक्तानी प्रक्रियाको व्यवहारिक ज्ञान,
- कर चुहावट न्यूनीकरण र राजस्व वृद्धि गर्न एकीकृत प्रणालीको भूमिकाको बुझाइ,

- सरकारी सेवा प्रवाहमा प्रविधिको प्रयोग र डिजिटल कर प्रणालीको उपयोग,
- कर प्रणाली सुधारले आर्थिक विकास र सुशासनमा पुऱ्याउने योगदानको बारेमा जानकारी प्राप्त भयो ।

## सारांश तथा सुझावहरु

करदाता सेवा कार्यालय आन्तरिक राजस्व प्रशासनलाई करदातामैत्री, पारदर्शी र प्रविधिमैत्री बनाउने उद्देश्यले स्थापना गरिएको महत्वपूर्ण निकाय हो। यसले PAN/VAT दर्ता, कर विवरण पेश, कर भुक्तानी तथा परामर्श सेवामार्फत करदातालाई एकीकृत सेवा प्रदान गर्दै आएको छ। एकीकृत कर प्रणालीको कार्यान्वयनले कर प्रशासनलाई सरल बनाउनुका साथै स्वेच्छिक कर अनुपालन वृद्धि, कर चुहावट न्यूनीकरण र राजस्व अभिवृद्धिमा सकारात्मक योगदान पुऱ्याएको छ। समग्रमा, करदाता सेवा कार्यालयले करदाता र राज्यबीच विश्वासको सम्बन्ध सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

- एकिकृत कर प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यालयभन्दा बाहिर हुँदा कार्यालयको कामकाजमा बाधा पर्ने भएको हुँदा अगामी दिनमा यस्ता तालिम तथा अभिमुखीकरण न.पा.कार्यालयको हलमा सञ्चालन हुनुपर्ने,
- करदाता सेवा कार्यालय लम्कीमा छोटो समयमा अभिमुखीकरण गरिएको हुँदा उक्त तालिम आगामी दिनमा पनि सञ्चालन गर्नुपर्ने,
- करदातामाझ करसम्बन्धी जानकारी बढाउन नियमित करदाता शिक्षा तथा अभिमुखीकरण कार्यक्रम विस्तार गर्नुपर्ने,
- अनलाइन प्रणालीलाई अझ प्रभावकारी, प्रयोगमैत्री र सुरक्षित बनाउने,
- सेवा प्रवाहलाई छिटो बनाउन कर्मचारीको क्षमता विकास तथा तालिम निरन्तर प्रदान गर्ने,
- दुर्गम क्षेत्रका करदातालाई लक्षित गरी मोबाइल सेवा वा डिजिटल पहुँच विस्तार गर्ने,
- करदाताका गुनासा र सुझाव सुन्न प्रभावकारी गुनासो व्यवस्थापन प्रणाली सुदृढ गर्ने,
- कर अनुपालनलाई प्रोत्साहन गर्न प्रोत्साहन र सहजीकरणका नीति अवलम्बन गर्ने।

प्रतिवेदक
रामा चौधरी
एम.आई.एस.अपरेटर